# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः ०२-२०८३/०८४

## कवाडी जन्य सामाग्रीहरुको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०६ गते)

चन्द्रकोट गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न प्रकृतिका कवाडी जन्य वस्तुहरुको निकासी गर्ने प्रयोजनका लागि चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन, २०८३ मा भएको व्यवस्था बमोजिम गाउँ कार्यपालिकाको मिति २०८३/०३/३२ गतेको सिलबन्दी दरभाउपत्र आह्वान गर्ने सम्बन्धमा भएको निर्णयानुसार इच्छुक फर्म वा व्यवसायीले कवाडी सामानहरु उठाउन चाहेमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र राजश्व वातको रकम (पछि फिर्ता नहुने गरी) रु.१०००/-(अक्षरुपि एक हजार मात्र) यस कार्यालयको नेपाल बैङ्क लिमिटेड शान्तिपुरमा रहेको आन्तरिक राजस्व खाता (खाता नं. २३५०३०००००१००१०००००१) मा जम्मा गरेको बैंक भौचर तथा आय ठेक्का जमानत वापतको रकम गाउँपालिकाको धरौटी खाता (खाता नं. २३५०३००००००३०००००००१) मा जम्मा गरेको बैंक भौचर सहित तपशिलमा उल्लेखित शर्तको अधिनमा रहि फर्म दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाण-पत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाण-पत्र, व्यवसाय नवीकरण प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

**शर्तहरुः**

१. कवाडी संकलन, भण्डारण र विक्री वितरणको लागि मू.अ.कर बाहेक न्यूनतम मुल्यमा नघट्ने गरी बढीबढाउमा दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

२. दरभाउ पत्रमा अनिवार्य रुपमा दस्तखत र फर्म वा कम्पनीको छाप समेत लगाएको हुनुपर्नेछ भने व्यक्तिगतको हकमा आधिकारीक हस्ताक्षर हुनुपर्नेछ।

३. कबोल रकम अंक र अक्षरमा प्रष्टसँग लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४. दरभाउ पत्रमा केरमेट भएमा उक्त स्थानमा अनिवार्य दस्तखत गर्नुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्रको निवेदन तोकिएको दस्तुर बुझाई निर्धारित समयभित्र नै दर्ता गराउनु पर्ने छ।

६. म्याद नाघेको वा रीत नपुर्‍याई पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

लक्ष्मणप्रसाद वालिसे
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

७. बोलपत्र खरिद ७ औं दिनको दिन कार्यालय समयभित्रै गर्नुपर्नेछ। ८ औं दिनको बिहान १२:०० बजेभित्र निवेदन पेश गर्नुपर्नेछ। दर्ता भएका निवेदनहरुको सिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे खोलिनेछ। निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिनको १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ। दर्ता भएका निवेदनहरुको सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे खोलिनेछ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत हुने व्यक्ति वा फर्मले स्वीकृत कवोल बापतको रकम संझौतासँगै भुक्तानी गर्नुपर्ने छ।

९. कुनैपनि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार चन्द्रकोट गाउँपालिकामा सुरक्षित रहनेछ।

**कवाडी सामानहरु उठाउने विवरण देहाय बमोजिम हुनेछ।**

| ठेक्का नम्बर | ठेक्काको नाम | कवाडी उठाउन पाउने क्षेत्र | न्युनतम रकम रु. (भ्याट बाहेक) | राजश्व रकम रु | बैङ्क जमानत वापतको रकम |
|---|---|---|---|---|---|
| आय ०१-२०८३/०८४ | कवाडी सामान उठाउने | वडा नं. १ देखि ८ सम्म | ३,३०,०००/- | १,०००/- | कबोल अंकको न्यूनतम ५ प्रतिशत |

प्रकाशित सूचना सम्बन्धी विस्तृत विवरणका लागि ९८५७०६७९२० वा ९८५७०६०९६३ मा सम्पर्क गर्न सकिनेछ ।

...........................
(लक्ष्मणप्रसाद चालिसे)
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत